NEPAL ECONOMIC FORUM
Alliance for Social Dialogue



# विपद पश्चातको आँकलन: नाकाबन्दी २०७२

अंक ३ - असार २०७३ Volume 3 - June 2016

## पृष्ठभूमि

पछिल्लो एक वर्षभन्दा बढी समयदेखि नेपालको अर्थतन्त्रलाई एकपछि अर्को धेरै चुनौतिहरुले न्याँकेका छन्, जसले गर्दा अर्थतन्त्र कठिन अवस्थाबाट गुज्रिरहेको छ। भुकम्पले झण्डै ९ हजार मानिसको ज्यान लियो भने २२ हजारभन्दा धेरै घाईते भए, जसले अनुमानित ७ अर्ब अमेरिकी डलर बराबरको आर्थिक नोक्सान भयो भने ७ लाख मानिसहरु गरिबीको रेखामुनी धकेलिने अनुमान गरिएको छ। त्यसैगरी, भुकम्पको केही महिनापछि तराई मधेश क्षेत्रमा भएका संविधानसँग सम्बन्धित आन्दोलनहरुको कारण नाकाबन्दीको अवस्था सृजना भयो, जसले नेपालको अर्थतन्त्र र समग्रमा सिंगो समाजमानै ठूलो धक्का दियो।

व्यापार नाकाबन्दी जारी रहेसँगै हाम्रो भूपरिवेष्ठित देशमा अत्यावश्यक आपूर्तिहरु झण्डै ठप्पै भए। नाकाबन्दीको नतिजास्वरुप निम्तिएको इन्धन संकटले अर्थतन्त्रका सबै क्षेत्रहरुमा आफ्नो प्राभाव पार्यो। एकातर्फ अत्यावश्यक आयातहरु जस्तै औषधी तथा इन्धन देशभित्र प्रवेश गर्न दिइएन भने अर्कोतर्फ इन्धनको भयावह संकटले अर्थतन्त्रको उत्पादन, वितरण तथा उपभोग प्रकृयालाई नकारात्मक असर पुर्यायो ।

नाकाबन्दीको तात्कालिन प्रभाव स्पष्ट थियो र मिडियाहरुमा पनि चौतर्फी रुपमा रिपोर्टिंग भयो। नाकाबन्दीले पार्ने दीर्घकालिन प्रभाव धेरै नै जटील र प्रतिकुल हुनसक्छ । त्यसकारण यो अध्ययनले अर्थतन्त्रका महत्वपुर्ण क्षेत्रहरुमा पारेको प्रभावको गहिराई र फैलावट बुझ्ने उदेश्य राखेको छ। नतिजाहरुको आधारमा यो अध्ययनले भविष्यमा अर्थतन्त्रमा पर्न सक्ने यस्तै खालका धक्काहरुको सामना गर्न उपयुक्त हुने उपायहरु समेत सुझाएको छ।

वि.स. २०७२ पर्यटन क्षेत्र र यससँग सम्बन्धित व्यवसायहरुका लागि अनुकूलरहेन। वैशाखको भुकम्प पश्चात पर्यटन आगमन निकै घटेको थियो । त्यसपछिका महिनाहरुमा देखिएको आगमन वृद्धिको आशा फेरि मधेश आन्दोलनले मथ्थर बनायो । परिणामस्वरुप, २०७१-२०७२ मा पर्यटकको संख्या ६ वर्षकै कम संख्या अर्थात ५३८,९७० मात्रै रह्यो।

## आगमन संख्या अनुसार

आश्विनदेखि मार्ग महिनासम्म पर्यटकीय मौसम भएको र त्यतिबेला सबैभन्दा बढी पर्यटक आउने कारणले पर्यटन क्षेत्रमा नाकाबन्दीको असर थप गम्भीर बनाईदियो। पछिल्लो पाँच वर्ष मध्येका चार वर्षहरुमा आश्विनदेखि कार्तिक बीच सबैभन्दा बढी संख्यामा पर्यटक आगमन भएको थियो । यी महिनाहरुको पर्यटक आगमनको तथ्यांक हेर्दा आर्थिक वर्ष २०७२-७३ मा पर्यटक आगमन पछिल्लो पाँच बर्षको औसत आगमनको तुलनामा ३२ प्रतिशत अर्थात ७२,६२० ले घटेको छ। कार्तिक महिनाको आगमनमा मात्रै ३६ प्रतिशत अर्थात ३२ हजारले गिरावट आएको छ। यो तथ्यांक वि.स. २०७०-७१ को सम्पुर्ण पदयात्री (ट्रेकिङ्ग) संख्याको ८४.५ प्रतिशत बराबर हो।

### चित्र १: पर्यटक आगमन







स्रोत: नेपाल पर्यटन तथ्यांक, र मासिक आगमन तथ्य २०७१-७२

## चित्र २: पर्यटक आगमनहुने प्रमुख महिनाहरु




श्रोतः नेपाल पर्यटन तथ्यांक, र मासिक आगमन तथ्य २०७१-७२

भुकम्पपछि पर्यटक आगमन संख्यामा वृद्धि देखिएतापनि व्यक्तिगत रुपमा आएका पर्यटकहरुको ठुलो हिस्सा भुकम्पपछिको पुनर्निमाण प्रकृयामा सहयोग गर्नका लागि आएका भन्दै पर्यटन व्यवसायीहरुले असन्तुष्टि पोखेका छन् । व्यवसायीहरुले यस्ता पर्यटक साधारण पर्यटकभन्दा पर्यटन क्रियाकलापहरुमा कम संलग्न हुने सम्भावना बताए, जसले पर्यटकन क्षेत्रमा कम मात्र योगदान दिन्छन् ।

## आश्विन-कार्तिक र फाल्गुन-चैत्रको तुलना

आश्विन-कार्तिकपछि फाल्गुन-चैत्रका महिना मा सबैभन्दा धेरै पर्यटक आगमन हुन्छ । यसक्रममा सबैभन्दा बढी पर्यटक आउने यी दुइ महिनाहरुको तुलना भुकम्प र नाकाबन्दीले नेपालको पर्यटन उद्योगलाई २०७२ मा कसरी क्षति पुर्यायो भन्ने हेर्नको लागि एउटा रोचक मापक हो । २०७१ फाल्गुन(चैत्र महिनाको पर्यटक आगमन सामान्य रह्यो। तर आश्विन-कार्तिक महिनाको पर्यटक आगमन भने नेपाल अस्थिर गन्तव्य बनेको कारण प्रभावित रह्यो ।

पछिल्लो पाँच बर्षको औसत हेर्ने हो भने आश्विन(कार्तिक महिनाको आगमन फाल्गुन-चैत्रको तुलनामा १४ प्रतिशतभन्दा बढीले वृद्धि देखिन्छ । तर २०७२ को आश्विन-कार्तिक महिनामा फाल्गुन-चैत्रको तुलनामा २८.५ प्रतिशतले पर्यटन आगमनमा कमी आयो । सामान्यतया आश्विन-कार्तिक महिनामा पर्यटक आगमन सँख्या ८८,५८० मान्ने हो भने २०७२ को आश्विन-कार्तिकमा दुई-तिहाईभन्दा कम पर्यटक आए ।

नेपालको पर्यटक आगमनका दुई प्रमुख देशहरु भारत र चीन हुन् । यी दुई देशबाट आउने पर्यटक संख्यामा अघिल्ला चार वर्षहरुको यही समयको तुलनामा २०७२ भाद्र–आश्विन देखि कार्तिक–मार्गमा क्रमशः ४९ र ५९ प्रतिशतले गिरावट आयो । समग्र पर्यटक आगमनमा भारतबाट आउनेको सँख्या १३ वर्षकै कम रह्यो भने चीनबाट आउने संख्या चार वर्षकै कम रह्यो । यसले खास अर्थ किन राख्छ भने भारतीय पर्यटकहरु बेमौसममा समेत आउँछन्[1] जसले पर्यटन व्यवसायलाई केही राहत दिन्छ । त्यसैगरी चिनियाँ पर्यटकहरु औसतभन्दा धेरै खर्च गर्ने रुपमा चिनिन्छन् । आ.व. २०६९–७० मा एउटा चिनियाँ पर्यटकको औसतखर्च प्रतिदिन १०० अमेरिकी डलर[2] थियो, जुन सोहि आ.व.को पर्यटकहरुको समग्र औसत खर्चभन्दा १३३ प्रतिशतले धेरै हो । वि.स. २०७३ वैशाख–जेष्ठसम्ममा भारतीय पर्यटकको आगमनमा केही सुधार आएतापनि पोखरा पर्यटन बोर्डका अनुसार यो संख्या पर्याप्त छैन ।[3] तथापि, इन्धन संकटको समस्यामा सुधार आउनुका साथै नेपाल सरकारले उनीहरुका लागि गरेको निःशुल्क भिसा प्रबन्धले गर्दा चिनियाँ पर्यटकको आगमनमा सुधार आएको छ ।

यसबाहेक आन्तरिक पर्यटनमा समेत उल्लेख्य कमी आएको पोखराका पर्यटन व्यवसायीहरुले महसुस गरे । यी पर्यटक सेवा प्रदायकहरुका अनुसार आन्तरिक पर्यटक आवागमन सबैभन्दा कम रह्यो । यस्तो आगमन अघिल्ला वर्षहरुमा विदेशी, आन्तरिक र स्थानीय पर्यटकहरुको मिलन थलो हुने नयाँ वर्ष २०१६ र वार्षिक रुपमा हुने पोखरा महोत्सवमा केही मात्र बढ्यो ।[4]

## कमजोर पर्यटन आम्दानी

आ.व. २०७१–७२ को तुलनामा, आ.व. २०७२–७३ को पहिलो पाँच महिनामा पर्यटन आगमन मा २८ प्रतिशत कमी आएसँगै पर्यटनमा आधारित आम्दानी प्रभावित भयो । पर्यटन क्षेत्रको आम्दानी अन्तर्गत विमानस्थलमा लाग्ने शुल्क, होटल र ट्राभल एजेन्सीको शुल्क र वैदेशिक मुद्रा सटही आदि पर्छन ।

नेपाल राष्ट्र बैंकका अनुसार २०७२ को भाद्र देखि कार्तिकसम्म पर्यटन आम्दानी अघिल्लो वर्षको यही समयको तुलनामा १८ प्रतिशतले घट्यो[5] । तथापी, आश्विन देखि पौषसम्म

## चित्र ३: पर्यटन आमदानीमा गिरावट




श्रोतः नेपाल राष्ट्र बैंक, र लेखक




पर्यटकको औसत खर्च र औसत बसाईको अवधिका आधारमा मोटामोटी हिसाब गर्ने हो भने यसको नतिजाको घाटा झन् ठुलो हुन जान्छ ।

## सत्कारमा कमी

पर्यटनमा निर्भर रहने निजी व्यवसायहरु खासगरी आतिथ्य सत्कारको क्षेत्रले सबैभन्दा कमजोर विक्रीको अवस्था भोग्यो । होटलहरु भरिने दर निकै कम रह्यो भने सञ्चालन खर्च बढ्यो । सञ्चालन धान्न नसक्ने आतिथ्य सत्कार सेवा दिने उधोगहरु अस्थायी रुपमा बन्द गरिए भने चलेकाहरुले पनि आंशिक रुपमा मात्र सेवा प्रदान गरे ।

यहाँनेर नाकाबन्दी र निर्माण सामग्रीहरुको आपूर्तिमा समस्या हुँदा पर्यटन क्षेत्रको भौतिक पूर्वाधार विकास समेत प्रभावित रहेको चर्चा उपयुक्त रहन्छ । त्रिभुवन विमानस्थलको स्तरोन्नती कार्य र भुकम्पले क्षति पुगेका आवास सुविधाहरुका कारण ग्रामीण होमस्टेको पुनर्निमाणमा समेत असर पुग्यो ।

## अगाडिको बाटो

वि.स. २०७२ मा नेपालको पर्यटन क्षेत्रले दोहोरो बाहिरी धक्काका कारण ठुलो क्षति व्यहोर्‍यो । दुवै पर्यटन सिजनहरु अर्थात फाल्गुन देखि जेष्ठ सम्म र आश्विन देखि मार्गसम्म नेपालको पर्यटन क्षेत्रले पर्यटक आगमनमा तीव्र गिरावटको समस्या भोग्यो । नाकाबन्दी पश्चात नेपालको पर्यटन उध्योगको मुख्य असर इन्धन अभावको कारण सृजित समस्याहरु थियो जसमा भुकम्पपश्चातको पुनर्निमाणको समस्या पनि थपिएको थियो । त्यसकारण इन्धन अभाव समस्याको सम्बोधनले पर्यटन उध्योगको समस्याहरुलाई समाधान गर्न आफैं शुरु हुन्थ्यो । वास्तवमा जब आपूर्ति केही सहज भयो पर्यटन क्षेत्रमा सुधारका संकेतहरु देखिन थालिसकेका थिए । यस्तो सुधारका संकेत यो क्षेत्रको पुनर्जिवनका लागि कुनै खास प्रयत्नभन्दा पनि अन्तरराष्ट्रिय ट्राभ्ल गाईडहरुको अनुमोदनको कारण पनि हो । वायुसेवा कम्पनीहरुले उडानको दरलाई

| वायुसेवा | ट्राभल र टुर सञ्चालक | होटल र रेष्टुरेन्टहरु | ट्रेकिंग एजेन्सी |
|---|---|---|---|
| ढीलाईको क्षतिपुर्ति, यात्रुहरुको खाना र बासको खर्च व्यहोनुपर्दा राष्ट्रिय वायु सेवा कम्पनीहरुले घाटा व्यहोरे | पेटोल र डिजलका अभावका कारण सामान्य यातायात सेवा प्रवाह गर्न असमर्थ रहे | होटल एशोसियशन अफ नेपालका अनुसार अत्यावश्यक वस्तुहरुको अभावका कारण सञ्चालन खर्च ३० देखि ४० प्रतिशतले बढ्यो भने होटल भरिने दर २० प्रतिशतभन्दा तल रह्यो | ट्रेकिंग एशोसियशन अफ नेपालले ट्रेकिंग व्यवसायमा वि. सं २०७१–७२ मा २०७०–७१ को तुलनामा ४० प्रतिशत गिरावट आएको अनुमान गरेको छ |
| वायुसेवाहरु दुइतर्फी आवतजावतको लागि आश्यक पर्ने अतिरिक्त इन्धनको तौल सन्तुलन गर्नुपर्ने बाध्यताका कारण आंशिक सिटहरुमात्र सञ्चालन गर्न बाध्य थिए | नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्टका अनुसार टिकट जारी गर्ने व्यवसायमा समेत ३५ प्रतिशतले गिरावट आयो | डिजल र खाना पकाउने ग्याँसको अभावले गर्दा लोडसेडिङ्गको समयमा बिना अवरोध उर्जा प्रदान गर्न र मेनुको सबै खानाका उच्चतम सेवा प्रवाहमा समस्या | यातायात सेवा दिन कठिनाई र भुकम्पका कारण ट्रेकिंगसँग जोडिएका नकारात्मक प्रश्नहरुको सामना गर्न समस्या रहयो |
| आन्तरिक उडानहरु पूर्ण सञ्चालनका लागि आवश्यक इन्धन अभावको कारण पहिलो महिनामा ७५ प्रतिशत सम्म घटेको थियो | | १०० भन्दा धेरै विभिन्न होटल र रेस्टुरेन्टहरु बढ्दो घाटाका कारण अस्थायी रुपमा बन्द भए । होटल क्षेत्रले मात्र दिनको १० करोडभन्दा धेरै आम्दानी गुमाए । | |
| | | कर्मचारीको तलब दिन, पानी, बिजुलीका बिलहरु र ऋण तिर्न समस्या देखिए | |

श्रोत: कृति भुजु, रिपब्लिका दैनिक र श्वेतपत्र

सामान्य अवस्थामा फर्काए लगत्तै पर्यटक आगमनमा वृद्दि हुन थालेको छ र यसको संकेत पदयात्रामा (ट्रेकिंग) भएको वृद्धिले देखाउँछ[6]। यद्यपी, यो मौकालाई सरकार र नीजि क्षेत्रले आन्तरिक र विदेशी दुवै पर्यटकलाई लक्षित गर्दै नेपालको पर्यटन क्षेत्रको रिब्राण्ड गर्न र नेपाललाई पर्यटनको आकर्षक, गुणस्तरमा आधारित गन्तव्यको रुपमा पुनर्जिवन दिन उपयोग गर्न सकिन्छ । सरकारले पर्यटनलाई पुनर्जिवन दिन प्रयत्नहरु शुरु गरिसकेको छ । सरकारले आ.व. २०७३–७४ लाई आन्तरिक पर्यटन वृद्धि गर्ने उदेश्यका साथ आधिकारीक रुपमा ट्राभल वर्षघोषणा गरेक् छ जुन आ.व. २०७४–७५ को अन्तराष्ट्रिय पर्यटन वर्षको रुपमा मनाउने बृहत प्रयत्न मध्य एक हो । यद्यपी, यस्ता प्रयत्नहरुको सफलता, कार्यक्रमहरुको कार्यान्वयन र यसलाई राजनीतिक उदेश्यबाट एकदम अलग्गै राख्ने र आर्थिक गन्तव्यको रुपमा हेर्ने कुराले तय गर्दछ । केही अन्य चरणहरु निम्न बमोजिम हुनसक्छन्:

१. ट्राभल वार्निङ हटाउनेः कुटनैतिक छलफलहरु र प्रयासहरुमार्फत सरकारले विभिन्न देशले संकटको समयमा नेपालको भ्रमण नगर्न जारी गरेका ट्राभल वार्निङ हटाउन सक्रिय रुपमा काम गर्नुपर्छ ।

२. पर्यटन पूर्वाधारमा सुधारः आफ्नो सामान लिनका लागि मात्र घण्टौं कुर्नुपर्दा कुनै पनि पर्यटकमा अप्रिय छाप पर्नु स्वभाविक हो । यो धेरै मध्येको एक क्षेत्र हो जहाँ सरकारले सामर्थ्य स्तरोन्नती र पर्यटन पूवार्धार व्यवस्थापनमा सुधार गर्न जरुरी छ । खासगरी भुकम्पले केही पदयात्रा मार्ग, आवास र सम्पदाहरुमा क्षति पुर्याए पछि, पर्यटन क्षेत्रको दिगोपनको लागि ती संरचनाहरुको समयमै मर्मत र पुनर्निमाण जरुरी छ । त्यसैगरी, आगमन संख्यामा गतिलो वृद्धि गर्नुका लागि पहिला प्रवेशी मार्ग (हवाई वा जमिन) को संख्या र स्तरोन्नति गर्नु महत्वपूर्ण छ । यस विषयमा, प्रत्यक्ष हवाई लिंकको पहुंच बढाउनु जरुरी छ । तर यसका लागि अतिरिक्त अन्तराष्ट्रिय विमानस्थल पूर्वाधारहरुको विकास चाहिन्छ । यदि पूर्वाधार निर्माणमा साक्षमिकता हासिल गर्न सकियो भने थप नयाँ जहाजहरु खरिदको विकल्प हुन्छ जसले पर्यटक आगमनमा योगदान दिनसक्छ ।

३. गुणस्तरीय सेवाको सुनिश्चितताः उच्च गुणस्तरीय पर्यटक भित्र्याउन संघर्ष गरिरहेको नेपाललाई गुणस्तरीय सेवाको व्यवस्था र त्यसलाई कायम राख्नु धेरै नै महत्वपूर्ण छ। यद्यपि नियम र निर्देशिकाहरु भएपनि त्यसको पालना प्रश्न चिन्ह उठ्छ । यसकारण, मापदण्ड नियमितता भन्दा उध्यमहरु आफैले गुणस्तरताको तह रचना गर्नु पर्दछ । यहिलेको जमानामा ट्रिपअड्भाइजर र लोन्लीप्लानेट जस्ता प्रचलित अनलाईन साइटहरुलाई सरकार वा उध्यमले सेवाहरुमा विश्वनीयता प्रदान गर्न सकिन्छ । सरकारले अझै उत्कृष्ट सेवा प्रदान गर्नेहरुका लागि प्रोत्साहनको ढांचा तयार गर्न सकिन्छ । तर यी पश्चात, गुणस्तरताका आधार हरुमा सेवा र पूर्वाधार मात्र नभईकन वातावरणनिय तत्वहरु पनि समेटिन्छन् ।

४. चिनियाँ पर्यटक भित्र्याउनेः हालै चिनियाँ नागरिकहरुलाई बिना शुल्क भिसा दिने प्रयासले सफलता प्राप्त गरेको छ । यो सफलतालाई कायम राख्नको लागि थप योजना र कार्यक्रमहरु आवश्यक पर्दछ । जस्तै हालै बेइजिङ्गस्थित नेपाली दुतावासले भुकम्पको एकवर्ष मनाउन कार्यक्रम आयोजना गर्यो जसमा चिनियाँ नागरिकहरुलाई नेपाल भ्रमण गर्न अनुरोध गर्यो । नेपाललाई पर्यटन गन्तव्यको रुपमा चित्रण गर्ने यस्ता गतिविधीहरु नियमित रुपमा भईरहनुपर्दछ । यो किनपनि महत्वपूर्ण छ भने चिनियाँ पर्यटकहरुले नेपालमा धेरै खर्च गर्छन । यसअतिरिक्त, नेपाल एयरलाईन्सले चीनका विभिन्न शहर हरुमा आफ्नो उडानलाई विस्तार गर्न जरुरी छ । हाल यसले हङ्कङ्गमा मात्र सेवा सञ्चालन गर्दछ ।

५. भारतीय पर्यटक पुन आकर्षित गर्नेः तिर्थयात्रा र त्यससँग सम्बन्धित व्यवसायहरुमा खास योगदान दिने भारतीयहरु नेपालको पर्यटनकालागि सबैभन्दा ठुलो स्रोत हुन् । यसकारण भारतीय बजारलाई लक्षित गर्दै पर्यटक आकर्षित गर्ने प्रयास शुरु हुन जरुरी छ । हालै “चलिए पोखरा” जस्तो प्रयास भएको थियो । यस्तो प्रयासहरु नियमित हुन जरुरी छ र उच्च तहका पर्यटकहरु आकर्षित गर्न जरुरी छ ।

## स्थानीय तहमा उठेका आवाजहरु

हामीले पर्यटक आकर्षित हुने आशमा कोठाको शुल्क ५० प्रतिशतले कटौती गर्यौं । तर होटल भरिने दर १५ प्रतिशत मात्र रह्यो । यसकारण हामीसँग कामदारलाई दुइ महिनाभन्दा बढी बेतलबी विदा दिनु बाहेक केही विकल्प थिएन ।

– होटल संचालक, पोखरा

खाना पकाउने ग्यासको अभावले हामीलाई विकल्पको रुपमा दाउरा बाल्न बाध्य बनायो जसले गर्दा हाम्रो सञ्चालन खर्चमा २५ प्रतिशतले बृद्धि भयो । मुल्य बढेको र सबै परिकार उपलब्ध गराउन नसकिने भएकोले हामीले खानाको मेनु परिमार्जन गर्नपर्यो ।

– रेष्टुरेन्ट म्यानेजर, पोखरा

ठमेलबाट एअरपोर्टसम्म ट्याक्सी चढ्दा यात्रुलाई दोब्बरभन्दा बढी भाडा लाग्छ । यो मेरो ट्याक्सी होईन । मैले साहुलाई हरेक दिन निश्चित पैसा बुझाउनुपर्छ । मैले ट्याक्सीलाई तेल भर्न लाईनमा नराख्दासम्म साहुले कुनै दया देखाउँदैन ।

– ट्याक्सी ड्राइभर, काठमाडौं

1 “ Lal Prasad Sharma, “Indian visitors avoiding Pokhara due to strikes”, The Kathmandu Post, September 3, 2015,http://kathmandupost.ekantipur.com/news/2015-09-03/indian-visitors-avoiding-pokhara-due-to-strikes.html
2 “Number of Chinese tourists to Nepal nearly doubles”, Gulf Times, July 7, 2014, http://www.gulf-times.com/story/399468/Number-of-Chinese-tourists-to-Nepal-nearly-doubles
3 Santosh Pokharel, “Pokhara sees dip in number of Indian tourists,” Republica, May 9, 2016, http://myrepublica.com/society/story/42001/pokhara-sees-dip-in-number-of-indian-tourists-this-season.html
4 Revealed through NEF team’s conversation with hotels, restaurants, taxi drivers, bike rentals and residents of Pokhara
5 “Tourism earnings down 18pc”, The Kathmandu Post, December 20, 2015, http://kathmandupost.ekantipur.com/news/2015-12-20/tourism-earnings-down-18pc.html
6 Sangam Prasain, “Tourism industry bounces back”, The Kathmandu Post, April 24, 2016, http://kathmandupost.ekantipur.com/news/2016-04-24/tourism-industry-bounces-back.html